REG. NO.: 926/065/066

# स्वास्थ्य तथा प्रविधि बिज्ञान मञ्च
# Forum for Health & Technical Science

च.न.:०६।२०८२।८३

मिति : २०८२।०६।२८

श्री महाविर पुन ज्यू,

मन्त्री, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,

शिंहदरबार, काठमाण्डौ

**विषय : हार्दिक बधाई, सफल कार्यकालको शुभकामना तथा सादर अनुरोध ।**

महोदय,

विगत लामो समयदेखी नेपाल मै विभिन्न प्राविधिक जनशक्तिहरुलाई अनुसन्धान एवं विकाशको बाटोमा डोऱ्याउदै नेपालमा नै केही गर्न सकिन्छ भन्ने उदेश्यले राष्ट्रिय आविष्कार केन्द्रको स्थापना गरी सफल कार्य गर्दै आउनु भएका व्यक्तित्वलाई नै नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको अध्यक्षको रुपमा पाउँदा अव प्राविधिक शिक्षाले फड्को मार्ने विश्वास लिएका छौ । नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री नियूक्त हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौ । साथै, यस क्षेत्रले यहाँको कार्यकाल प्राविधिक शिक्षा एवं विज्ञान प्रविधि क्षेत्रको सर्वाङ्गिण विकाश तथा गुणस्तर अभिवृद्धिमा कोषेढुङ्गा सावित होस् भन्ने सुभेच्छा राखेको व्यहोरा अनुरोध छ ।

माननीय मन्त्री ज्यूबाट विद्यमान कानूनी व्यवस्था भित्र रही प्राविधिक शिक्षामा तत्काल गर्न सकिने कामहरुको विषयमा सुझावहरु माग गरिएकोमा देशभरका प्राविधिक शिक्षा प्रदायक शिक्षण संस्थाहरुको राष्ट्रिय छाता संगठन फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्सको तर्फबाट निम्न सुझावहरु प्रस्तुत गर्दछौ ।

१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदमा परिक्षा, पाठ्यक्रम र स्तर निर्धारण लगाएत समग्र परिषदको नेतृत्व दायक उपाध्यक्ष पद लामो समय देखी रिक्त रहेकोले सो क्षेत्रको विज्ञ व्यत्तित्वलाई अविलम्ब नियूक्त गरिदिनुहुन ।

२) सिटिइभिटी ऐन २०४५ को दफा २ क मा स्पष्ट व्यावस्था भए बमोजिम प्राविधिक शिक्षालयहरुको छाता संगठनको रुपमा विगत २० वर्ष देखी योगदान गर्दै आइरहेको फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्सलाई समेत सिटिइभिटी परिषदमा प्रतिनिधित्वको व्यवस्था गरिदिनुहुन । फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्सको अध्यक्षलाई परिषद सदस्यमा नियूक्त गरिदिनुहुन ।

३) सिटिइभिटी अन्तर्गत पिसिएल नर्सिङ शिक्षामा देखिएको समस्या समाधान वा वैकल्पिक व्यवस्था सम्बन्धमा :



Gaushala, Kathmandu forumforhts@gmail.com 01 5913532
www.htsforum.org

- राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को परिच्छेद ५ मा व्यवस्था गरिएको विश्वविद्यालय तहका शैक्षिक कार्यक्रम संचालनका लागि आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धी व्यवस्थालाई ऐन/नियमावलीको मर्म विपरित पिसिएल तहको स्टाफ नर्स कार्यक्रममा लागु गरी २०७८ सालदेखी ५० देखी ६०० शैया सम्मका अस्पतालहरुमा प्रयोगात्मक अभ्यासको सम्झौता गरी संचालनमा रहेका ७८ वटा शिक्षण संस्थाहरुमा पिसिएल नर्सिङको भर्ना अवरुद्ध भएको ।
- त्यसपछी, संघिय संसदको शिक्षा, स्वास्थ्य तथा सुचना प्रविधि समितिले अवरुद्ध भर्ना प्रकृया सुचारु गर्न नेपाल सरकार शिक्षा मन्त्रालय मार्फत सिटिइभिटी लाई अवरुद्ध भर्ना प्रकृया सुचारु गर्न निर्देशन दिएको ।
- सो निर्देशन हाल सम्म पनी कार्यान्वयन नभएकोले परिषदका अध्यक्षको हैसियतले सो निर्देशन तत्काल कार्यान्वयन गरी देशमा स्टाफ नर्स अध्ययन गर्न चाहाने विद्यार्थीले तत्काल अध्ययन गर्न पाउने व्यवस्था गरिदिनुहुन । वा नर्सिङ कार्यक्रमको भर्ना अवरुद्ध भएका शिक्षालयहरुमा कुनै नयाँ कार्यक्रमको सम्वन्धनको वातावरण बनाइदिनुहुन ।

४) प्राविधिक शिक्षामा विद्यार्थी भर्नामा देखिएको समस्या समाधान :

- हाल देशभर कायम रहेका प्राविधिक शिक्षा तर्फका विभिन्न विषयहरुमा विद्यार्थी भर्ना दर असाध्यै न्यून रहेको छ ।
- विद्यार्थी भर्नादर न्यून हुनुका विभिन्न कारणहरु मध्ये समयमा भर्ना नखुल्नु तथा झण्झटिलो भर्ना प्रकृया रहुन समेत मुख्य कारण हो भन्ने हाम्रो निश्कर्ष रहेको छ । यसर्थ, हरेक वर्ष नियमित रुपमा नविकरण भैसकेका शिक्षालयहरुले नेपालमै ११ कक्षाको जस्तै एसईई नतिजा निस्केकै दिन देखी हरेक शिक्षालयले भर्ना लिन पाउने गरी व्यवस्था गरिदिनुहुन ।
- इन्जिनियरङ तथा कृषी विषयतर्फ प्रविणता प्रमाणपत्र तहकै कार्यक्रमहरुमा सिटिइभिटी तर्फ १०+३ वर्ष र शिक्षा मन्त्रालय तर्फ ९-१२ (४ वर्ष) गरी फरक फरक पाठ्यक्रम अनुसार जनशक्ती उत्पादन भैरहेको र सो सम्बन्धमा विगतमा शिक्षा मन्त्रालयबाटै गठित विभिन्न समितिहरुले पाठ्यक्रममा एकरुपता कायम गर्ने भन्ने सिफारिस. कार्यान्वयन गरिदिनुहुन ।
- सम्वन्धित विषयमा +२ वा प्रविणता प्रमाणपत्र तह सकि पुन प्राविधिक शिक्षाको प्रमाणपत्र तहमा अध्ययन गर्दा प्रथम खण्डको Credit Transfer गरी दोस्रो खण्डमा भर्ना हुने र प्राविधिक प्रविणता प्रमाणपत्र तह सम्पन्न गरेका विद्यार्थीहरुले स्नातक तह अध्ययन गर्दा प्रथम खण्डको Credit Transfer गरी सोझै दोस्रो वर्षमा अध्ययन गर्न पाउने व्यवस्था गरिदिनुहुन ।

५) हरेक वर्ष नयाँ शिक्षालयको स्विकृती, सिट निर्धारण लगाएतका कारणले विद्यार्थीको भर्ना प्रकृया ढिलो भई शैक्षिक क्यालेण्डर समेत प्रभावित हुने अवस्था रहेकोले शिक्षालय स्विकृती, सिट निर्धारण लगाएतका सवै प्रकृयाहरुको लागि एकिकृत वार्षिक क्यालेण्डर निर्माण गरी तत्काल लागु गर्दै ३ वर्षका शैक्षिक कार्यक्रमहरु ३ वर्षमै सकि विद्यार्थीलाई प्रमाणपत्र तहको सर्टिफिकेट दिने वातावरण तयार गरिदिनुहुन ।

६) सिटिइभिटी बाट संचालित वार्षिक एवं सेमेष्टर प्रणालीका सम्पूर्ण विषयहरुको पाठ्यक्रममा परियोजना अध्ययन, कार्यगत तालिम र ओंजेटी लगाएतका प्रयोगात्मक कार्यहरु विभिन्न वर्षखण्डहरुमा छरिएर रहेका कोर्षहरुलाई एकत्रीत गरी अन्तीमको ६ महिनामा गराउने र सो भन्दा अगाडी नै सम्पूर्ण सैदान्तिक परिक्षाहरु लिने व्यवस्था गरिदिनुहुन ।

७) २०६९ सालदेखी आव्हान गरी थन्किएर बसेका प्रस्तावनाहरुको प्रकृया अगाडी बढाउने सम्बन्धमा ।

- २०६९ सालमा मापदण्ड तथा संस्थाहरुको म्यापिडको आधारमा जिल्लागत रुपमा २ भन्दा बढी प्राविधिक शिक्षाका कार्यक्रम नहुने गरी प्रस्तावना संकलन गरिएकोमा २०६९ देखी हाल सम्म पटक पटक चोर बाटाहरु खोज्दै कार्यक्रमहरुका सम्बन्धन बाडिएको र अधिकांश प्रस्तावहरु उपर हालसम्म पनि कारबाही नगरेको अवस्थाको निकास दिनुहुन ।

८) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद ऐन २०४९ मा समेत स्थाई सम्बन्धन सम्बन्धि स्पष्ट व्यवस्था हुदाँ हुदैं २०५७ सालदेखी संचालनमा रहेका शिक्षण संस्थाहरु समेत अस्थाई रुपमा चलिरहेको हुनाले स्थाई सम्बन्धन सुचना तुरुन्त प्रकाशित गरिदिनुहुन ।

९) लोकसेवा आयोगले पाँचौ तह प्राविधिक (स्वास्थ्य, इन्जिनियरिङ वा अन्य) को विज्ञापन गरी पदपुर्ती गर्दा सो विषयमा सोझै स्नातक वा स्नातकोत्तर तह उत्तिर्ण गरेकाहरुले आवेदन गरी आधारभुत तहको अध्ययन नै नगरेको व्यक्तिहरु लोकसेवा मार्फत छनौट भैरहेको अवस्थाले, आधारभुत तह अध्ययन गर्ने विद्यार्थीहरुको रोजगारीमा प्रत्यक्ष असर परिरहेकोले कम्तिमा डिप्लोमा तहको अध्ययन सम्पन्न गरेका आवेदकहरुले मात्र आवेदन दिने व्यवस्था गरिदिुनहुन ।

१०) देशका अन्य विश्वविद्यालयहरुमा व्यवस्था भए जस्तै धरौटिको सामान्य नियम अनुसार शिक्षालयहरुले सिटिइभिटीमा राखेको धरौटि बापतको रकमको व्याज शिक्षण संस्थाले उपयोग गर्न पाउने व्यवस्था गरिदिनुहुन ।

११) २०७१ सालमा कायम भएको पिसिएल नर्सिङ, जनरल मेडिसिन र फर्मेसी कार्यक्रमको शुल्क २०८२ साल सम्म पनि समायोजन नहुदाँ प्रविधिक शिक्षाको गुणस्तरमा गम्भिर समस्या देखिएकोले शुल्क समायोजन गरिदिनुहुन ।

हामी देशभित्रै प्राविधिक शिक्षा मार्फत रोजगारी, स्वरोजगारी सृजना गरी श्रमलाई उत्पादन तथा जनजिविका साथै समग्र आर्थीक उन्नतीका लागि जिवन समर्पण गरेका छौ र निरन्तर गर्न चाहान्छौ । यस निवेदनसँग अनुरोध गरिएका विषयहरुमा थप प्रष्ट हुन र आवश्यक नितिगत तथा कार्यगत अल्पकालिन, मध्येकालिन र दिर्धकालिन रुपमा प्राविधिक शिक्षालाई कसरी सुधार गर्न सकिन्छ भन्ने विषयहरुमा माननीय मन्त्री ज्यू प्रमूख आतित्थतामा कम्तिमा ३ घण्टाको सवै सरोकारवालाहरुको उपस्थितीमा अन्तरक्रिया कार्यक्रम समेत संचालन गर्न अनुमती समेत प्रदान गरिदिनुहुन सादर अनुरोध गर्दछौ ।

निर्मल सापकोटा
महासचिव
९८५११५१३१४

सुनिल कुमार चालिसे
अध्यक्ष
९८५१०९४१४९